मल्लरानी गाउँपालिका

# स्थानीय राजपत्र

मल्लरानी गाउँपालिकाद्वारा प्रकाशित

वर्ष ४ मल्लरानी, असोज ६ गते, २०७७ साल (अतिरिक्तांक ३)

## भाग-२

बालबालिका सम्बन्धी ऐन, २०७५, को दफा ६० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# बाल अधिकार समिति गठन कार्यविधि, २०७७

कार्यपालिकाबाट पारित मिति : २०७७/०६/०६

**प्रस्तावना :**

बालबालिका सम्बन्धी ऐन, २०७५, को दफा ६० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गर्दै मल्लरानी गाउँपालिका स्तरीय बालअधिकार समिति गठन गरी कार्यसंचालन गर्न वाञ्छनिय देखिएकाले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को(२) बमोजिम मल्लरानी गाउँकार्यपालिकाले बाल अधिकार समिति गठन कार्यविधि २०७७ जारी गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक :

१) **संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम "बालअधिकार समिति गठन कार्यविधि, २०७७" रहेको छ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।



Scanned with CamScanner

२) **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनुपर्छ ।

ख) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ ।

ग) "कार्यपालिका" भन्नाले मल्लरानी गाउँकार्यपालिका सम्झनुपर्छ ।

घ) "अध्यक्ष" भन्नाले मल्लरानी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

ङ) "उपाध्यक्ष" भन्नाले मल्लरानी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

च) "कार्यपालिका" सदस्य भन्नाले मल्लरानी गाउँकार्यपालिका सदस्यलाई सम्झनुपर्छ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मल्लरानी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ज) "शाखा" भन्नाले मल्लरानी गाउँपालिकाको विषयगत शाखाहरुका साथै महिला तथा बालबालिका शाखा समेतलाई सम्झनुपर्छ ।

झ) "समिति" भन्नाले यस कार्यविधि अनुसार गठन भएको बालअधिकार समिति सम्झनुपर्छ।

ञ) "बालअधिकार" भन्नाले राष्ट्रिय र अन्तराष्ट्रिय ऐन कानुनले तोकेको बालबालिकाको अधिकार सम्झनुपर्छ ।

ट) "वडाअध्यक्ष" भन्नाले मल्लरानी गाउँपालिका अन्तर्गतका वडाका अध्यक्षलाई सम्झनुपर्छ।

ठ) "वडासदस्य" भन्नाले मल्लरानी गाउँपालिका अन्तर्गतका वडा समितिका सदस्यहरुलाई सम्झनुपर्छ ।

ड) "सामाजिक संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनुपर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

ढ) "निजी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनुपर्छ ।

## परिच्छेद- २

## मल्लरानी गाउँपालिका बालअधिकार समितिको गठन तथा काम,कर्तव्य र अधिकार

३) मल्लरानी गाउँपालिका बालअधिकार समिति :

१) मल्लरानी गाउँपालिकाभित्रको बालअधिकार सम्बन्धी कार्यलाई प्रभावकारीरुपमा सञ्चालन गर्न एघार (११) सदस्य एक मल्लरानी गाउँपालिका बालअधिकार समिति रहनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ-

१) मल्लरानी गाउँपालिकाको उपाध्यक्ष वा निजले तोकेको गाउँकार्यपालिकाको सदस्य - संयोजक

२) मल्लरानी गाउँपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

३) मल्लरानी गाउँकार्यपालिका सदस्य मध्ये दलित,महिला गाउँकार्यपालिकाले तोकेका २ जना - सदस्य

४) गा.पा.शिक्षा शाखा प्रमुख तथा प्रतिनिधि - सदस्य

५) पत्रकार महासंघ को प्रतिनिधि - सदस्य



Scanned with CamScanner

६) मल्लरानी गाउँपालिका अध्यक्षले तोकी पठाएका गाउँपालिका स्तरीय बालसञ्जालका प्रतिनिधि बालक र बालिका दुई जना - सदस्य
७) बालअधिकार अधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि गा.पा.अध्यक्षले तोकी पठाएको एक जना - सदस्य
८) प्रहरी कार्यालय खलंगा प्यूठानका प्रतिनिधि - सदस्य
९) बालअधिकार हेर्ने शाखा प्रमुख - सदस्य सचिव

**४) समितिको बैठक सम्बन्धी व्यवस्था :**

१) संयोजकले तोकेको मिति ,समय र स्थानमा समितिको बैठक बस्नेछ ।

२) कम्तीमा दुई महिनाको एक पटक बैठक बस्नेछ । समितिको सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूचीसहितको सूचना बैठक बस्ने समयभन्दा २४ घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनुपर्नेछ ।

३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागी गणपूरक संख्या पुगेको मानिनेछ ।

४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले गा.पा. अध्यक्षसँग समन्वय गरी जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा एक जना सदस्यसहित सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

५) समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ ।

६) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्यायक मत दिनेछ ।

७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८) समितिले बैठक सम्वन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

**५) समितिको काम,कर्तव्य र अधिकार :**

समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) बालअधिकार सूचक फारमको आधारमा मल्लरानी गाउँपालिकाभित्रका बालबालिकाको तथ्यांक र सूचना संकलन गर्ने, अध्यावधिक गर्ने र आवश्यकता अनुसार वितरण गर्ने ।

ख) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने अन्तरिम संरक्षण गर्ने ,गराउने ।

ग) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने, गराउने ।

घ) बालअधिकारका निमित्त विकासका साझेदार तथा पालिकास्तरका अन्य निकायहरु बीच समन्वय गर्ने र बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने ।

ङ) बाल अधिकार हनन भएका घटनाहरुका सम्वन्धमा जानकारी प्राप्त गर्ने र कानुनी कारवाहीमा आवश्यक सहयोग गर्ने ।

च) बालसंरक्षण गर्ने, गराउने ।

छ) मल्लरानी गाउँपालिकाको क्षेत्रमा संचालन भएका कार्यक्रमहरु बीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।



Scanned with CamScanner

ज) स्थानीय संघ संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने, कार्यक्रम सञ्चालन गर्न आवश्यक परामर्श, सुझाव दिने ।

झ) संघीय र प्रदेश स्तरीय बालअधिकार समितिसँग समन्वय गरी कार्यक्रम गर्ने, गराउने ।

ञ) बालगृह सञ्चालन कार्यविधि, सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि अनुसार सेवा प्रदान गर्ने, गराउने ।

ट) बालअधिकार सम्बन्धी बार्षिक कार्ययोजना तयार पार्ने र गाउँपालिका र गाउँ सभामा पेश गर्ने, गराउने ।

ठ) कार्यक्रम कार्यान्वयनको प्रगती गाउँकार्यपालिका बैठक र गाउँसभामा पेश गर्ने ।

## परिच्छेद- ३

### मल्लरानी गा.पा. वडा स्तरीय बालअधिकार समितिको गठन तथा काम,कर्तव्य र अधिकार :

**३) वडास्तरीय बालअधिकार समिति :**

१) वडा भित्रको बालअधिकार सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न एघार सदस्य एक बालअधिकार समिति रहनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - संयोजक

ख) वडा समितिका सदस्यहरु ४ जना - सदस्य

ग) वडा अध्यक्षले तोकी पठाएका वडा स्तरीय बालक्लवका प्रतिनिधी वालक र बालिका दुई जना - सदस्य

घ) बालअधिकार अधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि वडा अध्यक्षले तोकि पठाएको एक जना - सदस्य

ङ) शिक्षक प्रतिनिधि - २ जना

च) वडा सचिव - सदस्य सचिव

**४) समितिको बैठक सम्बन्धी व्यवस्था:**

१) संयोजकले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ ।

२) कम्तिमा दुई महिनाको एक पटक बैठक बस्नेछ । समितिको सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने बिषयसूची सहितको सूचना बस्ने समय भन्दा चौविस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनुपर्नेछ ।

३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागी गणपूरक संख्या पुगेको मनिनेछ ।

४) उपदफा (२) र (३) जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल वोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटिमा एक जना सदस्य सहित सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

६) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।



Scanned with CamScanner

७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**५) समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बालअधिकार सूचक फारम (अनुसूची १) को आधारमा वडा भित्रका बालबालिकाको तथ्याङ्क र सूचना संकलन गर्ने, अधावधिक गर्ने ।

ख) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने, सिफारिस गर्ने ।

ग) बालअधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त क्षमता अभिवृद्धि तथा चेतना जागरण गर्ने, गराउने ।

घ) बाल अधिकार हनन भएका घटनाहरुका सम्वन्धमा प्राप्त जानकारी प्राप्त गर्ने र कानुनी कारबाहीमा आवश्यक सहयोग गर्ने ।

ङ) वडा स्तरमा सञ्चालन भएका कार्यक्रमहरु वीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

च) स्थानीय संघ संस्थालाई बालबालिकाको क्षेत्रमा काम गर्न उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक परामर्श, सुझाव दिने ।

छ) बाल अधिकार सम्वन्धी बार्षिक कार्ययोजना तयार पार्ने र गाउँकार्यपालिकामा पेश गर्ने ।

ज) कार्यक्रम कार्यन्वयनको प्रगती गाउँकार्यपालिका बैठकमा पेश गर्ने ।

**६) बैठक खर्च सम्बन्धमा :** समितिका संयोजक र सदस्यहरुले बैठकमा भाग लिए वापत गाउँपालिकाको नियमानुसार यातायात र खाजा खर्च पाउनेछन ।

## रिच्छेद- ४
## विविध

६) यस अघि भए गरेका बालअधिकारसम्वन्धी काम कार्बाही यसै कार्यविधि अनुसार भएको मानिनेछ ।



Scanned with CamScanner

## अनुसूची १

## बालअधिकार सूचक फारम ..................

मल्लरानी गा.पा.को कार्यालय
खलंगा प्यूठान

बालक/बालिका नाम:
उमेर :
शिक्षा :
बुवाको नाम:
आमाको नाम :
अन्य परिवारको नाम :
ठेगाना स्थायी :
ठेगाना अस्थायी :

बाल अधिकार सम्वन्धी कार्यका लागि आवश्यकता अनुसार समितिले निर्धारण गरेका कार्य अनुरुपको फारम तयार गरी कार्यान्वयन गरिनेछ ।

आज्ञाले
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner